Informal Sector Service Centre (INSEC)
www.inseconline.org
For Human Rights and Social Justice

**नेपाल महाभूकम्प २०७२ अपडेट : ३३औं दिन**
**मिति : ०७२ जेठ १३**
**अन्तिम अपडेट : २२:०० बजे**

**मानवीय क्षति (स्रोत : गृह मन्त्रालय)**
मृतक : ८,६७६
घाइते : २१,९५३

## आशा र उत्साहका साथ काम गर्न इन्सेक अध्यक्षको सुझाव

इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेलले इन्सेककर्मीहरूलाई आशा र उत्साहकासाथ सिर्जनात्मक ढङ्गले काम गर्न सुझाएका छन् । भूकम्पले पारेको असरका सम्बन्धमा जेठ १३ गते धुलिखेलमा आयोजित अवस्था आदान-प्रदान कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष प्याकुरेलले असल र सफल प्रयासलाई राज्यका संयन्त्रहरूले अपनाउनुपर्ने बताए । भूगर्भविद्हरूलाई भूकम्पले पारेको असरका विषयमा सबै कुरा थाहा नहुन सक्छ भन्दै अध्यक्ष प्याकुरेलले आवासका लागि खतरा भनिएको स्थानमा किन बास बसाइयो ? राहत वितरण मानवअधिकारमैत्री वा समानतामा आधारित छ कि छैन ? गरिब, कमजोर र दलित समुदायको राहतमा पहुँच छ कि छैन ? भन्ने कुरालाई आफ्नो रिर्पोटिङको विषयवस्तु बनाउन सुझाए ।

इन्सेकका कार्यकारी निर्देशक विजयराज गौतमले जिल्लाहरूमा रहेका भय र त्रासको अवस्थालाई हटाउन सकारात्मक विषयवस्तुहरूलाई लेख्न सुझाए । इन्सेकका मध्यमाञ्चल क्षेत्रीय संयोजक कृष्ण गौतमले दुःखको यस अवस्थामा आफ्नो श्रम र सिपलाई सक्रिय बनाउन जोड दिए ।

कार्यक्रममा भूकम्पबाट बढी क्षति पुगेका १५ जिल्लाका इन्सेक प्रतिनिधिहरूले भूकम्प पछि जिल्लाको अवस्था, इन्सेकको भूमिका र आगामी दिनका चुनौतीहरूलाई पालैपालो प्रस्तुत गरेका थिए ।

## उल्लेख्य

- गएको वैशाख १२, १३ र २९ गते आएको विनाशकारी भूकम्पका कारण घरवारविहीन भएकाहरू आँधी र असिनाले अझ बढी प्रभावित भएका छन् । लगातार तीन दिनदेखि आइरहेको आँधी र असिनाले रामेछापका अधिकांश भूकम्प प्रभावितका त्रिपाल, बसोबासको लागि बनाइएको अस्थायी घरटहराहरू उडाइ दिएको छ ।
- वैशाख १२ गतेको विनासकारी भूकम्पबाट आफ्नो घरजग्गामा बसोबास गर्न नसक्ने भएका पीडितलाई इलामको एक चियाबगान प्रालिसहित सातजनाले जग्गासहित रोजगार दिएर बसोबास गराउने घोषणा गरेका छन् ।
- सिन्धुपाल्चोकमा रहेका भूकम्प पीडित सुत्केरी महिलाहरूलाई जुम्लाका महिलाले राहत वितरण गरेका छन् । जुम्लामा संकलन भएको चामल, दाल र लत्ताकपडा सिन्धुपाल्चोक जिल्ला इचोक गाविस- ९ सुरसिह गाउँका एकसय पाँचजना सुत्केरी महिला तथा बालबालिकाहरूलाई वितरण गरिएको देउती बजै महिला समूहकी सदस्य गोमा डाँगीले बताइन् ।

**पूर्ण विवरणका लागि :** http://www.inseconline.org/

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline